नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं. ९७, दायर मिति-:२०८०-०५-०३

फैसला मिति-२०८०-०९-१६

वादी

ताराचन्द यादवको जाहेरीले नेपाल सरकार-----१

प्रतिवादी

जिल्ला पर्सा पर्सागढी न.पा.वडा नं.९ बस्ने बर्ष २० को नितेश मिश्रा-------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

**१.प्रतिवादीले बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेको भन्ने ताराचन्द यादवको जाहेरी दरखास्त।**

**२. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।**

**३. बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका लाल कुवर तुरहा समेतको घटनाविवरण कागज।**

**४.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।**

## ठहर-खण्ड

**यसमा केही चोरेको छैन र कसैसँग गाली गलौज ,झै-झगडा गरेको छैन भनी प्रतिवादीले ईन्कारी बयान गरेतापनी मिति २०८०।४।१० गते जिल्ला पर्सा पटेर्वासुगौली गा.पा.वडा नं.५ स्थित प्रतिवादी नितेश मिश्राले जाहेरवालालाई अपशब्द प्रयोग गरी गाली गलौज तथा हातपातको प्रयास गर्दै अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का, तथा ताराचन्द यादवको जाहेरी दरखास्त ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी नितेश मिश्रा लाई कैद ५ महिना ६ दिन गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

## तपसिल खण्ड

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी नितेश मिश्रालाई ठहरेको कैदको हकमा निज प्रतिवादी मिति २०८०-०४-१० गते देखि २०८०-०९-१५ सम्म ५ महिना ६ दिन थुनामा बसेको देखिँदा सोही बाट कैद मिनाहा गरी श्री कारागार कार्यालय, पर्सालाई थुनामुक्त गर्न पत्र लेख्नु। -----------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु-------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु**

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल पुष महिना १६ गते रोज २ शुभम् ........................